मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

अब मानव जीवनको अस्तित्व : पृष्ठ २

# पूर्वाञ्चल

२६ औं वर्षमा

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २६ ◆ अङ्क : २३९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन १० गते आइतवार (Sunday, July 25. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



# सिर्जनाको मृत्युः निष्कर्ष नजिक प्रहरी



**बिर्तामोड, साउन ९।** झापाको बिर्तामोड-५की २५ वर्षीय सिर्जना बस्नेतको शङ्कास्पद मृत्यु प्रकरणमा दुई वटा आधार बनाएर प्रहरीले अनुसन्धानलाई फराकिलो बनाउँदै लगेको छ।

सिर्जनाको मृत्यु कर्तव्य ज्यान वा आत्महत्या दुईमा एक हुन सक्ने आधारबाट अनुसन्धान तीव्र बनाएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। घटनालाई संवेदनशिल रुपमा लिएर शुरुवातबाटै सजगताका साथ अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाले जानकारी दिए।

१ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरको रिजनल इन्भेष्टिगेशन टिम (रिट) र जिल्ला प्रहरी कार्यालय झापाको संयुक्त टिम सिर्जना घटना अनुसन्धान गरिरहेको छ। घटनाको विषयमा संघीय प्रहरी इकाई धरानले समेत चासो दिएको छ। गत असार २८ गते बिहान घर अगाडि अर्धनग्न अवस्थामा मृत भेटिएकी सिर्जनाको विषयमा प्रहरी अन्तिम निष्कर्षमा पुगेको छ।

संयुक्त अनुसन्धान टोलीले सिर्जनाको मृत्यु कर्तव्य ज्यान वा आत्महत्या दुईमा एक हुन सक्ने आधारबाट अनुसन्धान गरिरहेको जनाएको छ। अनुसन्धानमा खटिएका एक प्रहरीका अनुसार सिर्जनाको बाहिर नभई घरभित्रै घटना घटेको हुन सक्ने प्रहरीको बुझाइ छ। घटना असार २७ गते आइतबार राति ११ बजेपछि घटना घटेको अनुमान गरिएको छ।

अनुसन्धानको क्रममा सिर्जना राति पौने ११ बजेसम्म मोबाइल चलाउँदै गरेको सीडीआर (कल डिटेल रेकर्ड) रिपोर्टमा देखाएको बताइएको छ। शव भेटिएको दिन उनले बोक्ने मोबाइल कोठामा सुरक्षित भेटिएको थियो। प्रहरीले सिर्जनाले बोक्ने मोबाइलको फरेन्सिक जाँच काठमाडौं पठाएको थियो। काठमाडौंबाट प्राप्त फाइल समूह बनाएर सूक्ष्म अध्ययन भइरहेको र धैरै आधारहरु फेला परे पनि केही ठोस् प्रमाणको खोजीमा प्रहरी लागेको जनाइएको छ।


सिर्जना सानिमाको घरमा परिवारसँग बस्दै आएकी थिइन्। उनी बसेको घर चार तलाको छ। सिर्जनाको २८ गते बिहान शव भेटिँदा उनका केही आफन्त र परिवार सदस्य घरमै रहेका थिए। सिर्जनाको शवको प्रकृति हेर्दा ढाड र टाउकोमा चोट जस्तो देखिएको र शव अर्धनग्न अवस्थामा रहेको प्रहरीले जनाएको छ। शवको तत्कालै अनुसन्धानको लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट फरेन्सिक विभागका चिकित्सकसहितको टोली समेत झिकाइएको थियो। यस्तै अनुसन्धानमा ट्रयाकर डग 'पिकु' को समेत सहयोग लिइएको थियो। पिकु शव सुँघेर घरभित्रै पसेको थियो। सिर्जनाको फरेन्सिक रिपोर्ट आउन ढिलाइ भएकाले अनुसन्धानको निष्कर्षमा पुग्न नसकेको जनाइएको छ।

यसैबीच डीएसपी थापाले सिर्जना मृत्यु प्रकरणमा अनुसन्धान जारी रहेको बताएका छन्। उनले आफूहरुले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको र छिट्टै एउटा निकर्षमा पुग्ने जानकारी दिए। हत्या र आत्महत्या दुवै विषयमा अनुसन्धान गरिरहेको प्रहरी रिपोर्टको पर्खाइमा रहेको छ। अहिले आफन्तहरूसँग बुझ्ने काम गरिरहेको प्रहरीलाई घटनाको वास्तविकता सार्वजनिक गर्न दबाब बढ्दै गएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

सुजिता भण्डारी प्रकरण

## दाजुबहिनीको प्रेम र अनैतिक सम्बन्धले 'मृत्युवरण'



**झापा, साउन ९।** चितवनको ब्रह्मास्थानी सामुदायिक वनमा मृत फेला परेकी सुजिता भण्डारी प्रकरणमा नयाँ तथ्य सार्वजनिक भएको छ।

प्रहरीले सुजिताका ठूलो बुवाका छोरालाई पक्राउ गरेपछि नयाँ तथ्य सार्वजनिक भएको हो। सुजिताको ठूलो बुवाको छोरा सुकदेव भण्डारीलाई पक्राउ गरेर आत्महत्या दुरुत्साहनको मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ। नातामा सुकदेव र सुजिता दाजु-बहिनी हुन्। तर, उनीहरुको बीचमा प्रेम सम्बन्ध थियो। हाडनाता भित्रको सो सम्बन्ध आत्महत्याको कारण बनेको प्रहरीको अनुसन्धानबाट थाहा भएको छ। मृतकका परिवारले सुकदेवबिरुद्ध आत्महत्या दुरुत्साहनको जाहेरी दिएका छन्।

असार २०मा सुजिताको शव चितवनको ब्रह्मास्थानी सामुदायिक वनमा फेला परेको थियो। घटनास्थलमा विषादिको बट्टा पनि भेटिएको थियो।

**काठमाडौंमा लिभिङ टुगेदर**

सुकदेव काठमाडौंमा बस्थेँ। २०७७ फागुनमा काठमाडौं आएकी सुजिता दिदीकोमा १० दिन बसेर चितवन फर्केकी थिइन्। त्यसपछि चैतमा फेरि उनी काठमाडौं आइन्। रेष्टुरेन्टमा काम गर्ने सुकदेव र

*(बाँकी अन्तिम पृष्ठमा)*

## अपराधका ७३८४ मुद्दा

**झापा, साउन ९।** प्रदेश नम्बर १मा गत एक बर्षमा विभिन्न किसिमका अपराधमा सात हजार तीन सय ८४ मुद्दा दर्ता भएका छन्।

गत आर्थिक २०७७/०७८ को श्रावणदेखि असार मसान्तसम्ममा सात हजार ३ सय ८४ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ। प्रहरीले ४० करोडभन्दा बढी राजश्व संकलन गरेको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

भन्सार चोरी निकासी, नदीजन्य पदार्थ अबैध दोहन,

*(बाँकी अन्तिम पृष्ठमा)*

## काँकरभिट्टा क्षेत्रमा अपराध बढ्यो

**मेचीनगर, साउन ९।** मुलुक अहिले कोभिड १९ को कारण बन्दाबन्दीको अवस्थामा छ।

एक ठाउँबाट अर्को ठाउँ जान निक्कै हम्मे-हम्मे छ। प्रहरीको चेकजाँच निक्कै कडा छ। तर, यस्तो हुदाँहुँदै पनि इलाका प्रहरी कार्यालय काँकरभिट्टा मातहतका क्षेत्रमा आपराधिक घटना भने बढेका बढ्यै छन्।

गत आर्थिक वर्ष २०७७/०७८मा यस

*(बाँकी अन्तिम पृष्ठमा)*

## राष्ट्रपति र प्रधानमन्त्रीको टिकटक बनाउँदा...

**बिर्तामोड, साउन ९।** राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाको विषयमा अश्लील टिकटक बनाएको आरोप प्रहरीले काँकरभिट्टाबाट एक जनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले मेचीनगर-बर्मेली टोलका ३८ वर्षीय बिकास घिमिरे भन्ने सोमप्रसाद घिमिरेलाई पक्राउ गरेको साइबर ब्युरो काठमाडौंले जनाएको छ। पक्राउ परेका घिमिरेलाई प्रहरी प्रधान कार्यालय साइवर ब्यूरो अपराध अनुसन्धान तथा कारबाही शाखा लगिएको छ। सामाजिक सञ्जालको दुरुपयोग गरेर अश्लील भिडियो बनाउनेहरुलाई ब्यूरोले धमाधम पक्राउ गरिरहेको छ।

प्रहरी विद्युतीय ऐन अन्तर्गत मुद्दा चलाउने ब्यूरोले जनाएको छ। उनले प्रधानमन्त्री देउवा र राष्ट्रपति भण्डारीको भिडियो बनाएर सामाजिक सञ्जालमा पोष्ट गरेर लाञ्छना लगाउने कार्य गरेकोले साइबर व्यूरोले पक्राउ गरेको बताइएको छ। मानहानी र साइवर क्राइम अन्तर्गत उनलाई पक्राउ गरिएको प्रहरी प्रधान कार्यालय साइवर व्यूरो अपराध अनुसन्धान तथा कारबाही शाखाले जनाएको छ।

## खोप प्रमाणीकरण अब चार अस्पतालबाट

**काठमाडौं, साउन ९।** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरसविरुद्धको खोप कार्डको प्रमाणीकरणका लागि थप तीन अस्पताल तोकेको छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा मात्रै खोप कार्ड प्रमाणीकरण हुँदै आएकामा शनिवारदेखि पाटन अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल बलम्बू र सिभिल अस्पतालबाट पनि खोप कार्ड प्रमाणीकरण गर्न थालिएको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका निर्देशक डा. तारानाथ पोखरेलले जानकारी दिए।

उनले शुक्रराज अस्पतालमा खोप कार्ड प्रमाणीकरणका लागि भीड भएकाले थप तीन अस्पतालबाट पनि प्रमाणीकरण शुरु गरिएको जानकारी दिए। थप तीन अस्पतालबाट खोप प्रमाणीकरण गर्न थालेपछि शुक्रराज अस्पतालमा भीड कम भएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## अनुमति पाए सहारा नेपालले १० लाख डोज खोप खरिद गर्ने



महेन्द्रकुमार गिरी

**बिर्तामोड, साउन ९।** देशकै उत्कृष्ट र सबैभन्दा ठूलो सहकारी संस्थाको रुपमा परिचित झापाको बिर्तामोडस्थित सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले कोरोना भाइरसविरुद्धको १० लाख डोज खोप खरिद गर्ने घोषणा गरेको छ।

'यदि मिल्छ भने १० लाख डोज खोप सहारा नेपालले खरिद गर्न तयार छ'- संस्थाका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले भने- 'झापावासी र संस्थाका सदस्यहरुका लागि आफै खरिद गरेर खोप लगाउन हामी तयार छौं।' संस्थाका सचिव समेत रहेका गिरीले उक्त कार्यका लागि आवश्यक पहल गरिदिन स्थानीय सरकार र प्रदेश सरकारलाई आग्रह गरेका छन्। उनले भने- 'सरकारले अनुमति दियो भने सहकारी र सामुदाय मिलेर सबै झापावासीका लागि तत्काल खोप उपलब्ध गराउन सकिन्छ। यसका लागि जनस्तरबाट समेत खबरदारी र राजनीतिक तहबाट सरकार समक्ष पहलकदमी आवश्यक छ।'

अहिलेसम्म सरकारले समुदाय तथा निजी क्षेत्रलाई खोप खरिदको अनुमति दिएको छैन। यदि सरकारले निर्णय गरेर निजी क्षेत्रलाई जिम्मेवारी दिने हो भने झापाका लागि भारत, चीन तथा तेस्रो मुलुकबाट तत्काल खोप ल्याउन सकिने सामाजिक अभियन्ता तथा एकका लागि एक अभियानका संयोजक समेत रहेका गिरीले बताए।

विभिन्न मुलुकले अनुदानमा दिएको तथा सरकारले चीनबाट खरिद गरेको खोप नेपालका थोरै मात्र नागरिकले लगाएका छन्। अधिकांश नागरिकहरु खोपबाट बञ्चित छन्। विकसित मुलुकहरुमा अधिकांश नागरिकले कोरोनाबिरुद्धको खोप लगाइसकेका छन्। नेपालमा पर्याप्त मात्रामा खोप उपलब्ध नहुँदा पछिल्लो समय कोरोना संक्रमण दर ह्वात्तै बढेको छ। झापासहित मुलुकका १० जिल्ला संक्रमित संख्याको उच्च सूचीमा छन्। आफ्ना सदस्य र झापावासीको स्वास्थ्य सुरक्षाका लागि संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत एकदेखि डेढ करोड रुपैयाँसम्म खोप खरिदमा लगानी गर्न सकिने गिरीले बताएका छन्।

## कांग्रेसको वडा अधिवेशन स्थगित



**झापा, साउन ९।** नेपाली कांग्रेसमा क्रियाशील सदस्यताको ढिलाइका कारण आशन्न १४औं महाधिवेशन अन्तर्गत अन्य महाधिवेशनको कार्यतालिका प्रभावित भएको छ।

कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको शनिवार बसेको बैठकले यही साउन १२ गते निर्धारित गाउँ, नगर, वडा अधिवेशन स्थगन गर्ने निर्णय गरेको प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिए। यही साउन १२ गते क्रियाशील सदस्यता छानविन समितिका संयोजक रमेश लेखकले समितिको प्रतिवेदन केन्द्रीय नेतृत्वलाई बुझाउने र त्यसपछि मात्रै वडा अधिवेशनको नयाँ मितिबारे निर्णय हुने उनले बताए।

कांग्रेस क्रियाशील सदस्यताको सूचीमा पार्टी सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गत असार ३० गतेभित्र तोकिएको थियो। केही जिल्लाको विवादका कारण उक्त कार्य अहिलेसम्म सम्पन्न हुन नसकेपछि महाधिवेशन कार्यतालिका प्रभावित भएको हो।

पार्टी सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको बैठकमा केन्द्रीय महाधिवेशन निर्धारित समयमै गर्ने गरी अन्य महाधिवेशन कार्यतालिका हेरफेर गर्न सकिनेबारे छलफल भएको थियो।

गत असार ४ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले पार्टीको १४औं महाधिवेशन आगामी भदौ १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने संशोधित कार्यतालिका पारित गरेको थियो।

*(बाँकी अन्तिम पृष्ठमा)*

समाल रियल स्टेट प्रा.लि.

**जग्गा खरिद बिक्री केन्द्र**

बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा

**प्रबन्ध निर्देशकः राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००


**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**



## 'योगी नरहरिनाथको संक्षिप्त जीवनी' सार्वजनिक

**झापा, साउन ९।** राष्ट्र गुरु योगी नरहरिनाथको जीवनी समेटिएको पुस्तक प्रकाशन गरिएको छ । पुस्तक नयाँ पुस्तालाई योगी नरहरिनाथका विषयमा जानकारी गराउन सफल हुने विश्वास गरिएको छ ।



विश्व केसी पोखरेलले लेखेको 'योगी नरहरिनाथको संक्षिप्त जीवनी' नामक पुस्तक शनिवार राजधानीमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको हो ।

६२ पृष्ठको पुस्तकको मूल्य रु. १०१ राखिएको छ । रमिला बस्नेत र उमाकान्त शर्माले प्रकाशन गरेको पुस्तकको भाषा सम्पादन ज्ञाननिष्ठ ज्ञवाली र लेखक पोखरेलले भौतिक दूरी कायम गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर गरिएको कार्यक्रममा विमोचन गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै उनीहरुले संक्षिप्त पुस्तक भए पनि योगी नरहरिनाथका विषयमा बुझ्न पर्याप्त स्रोत सामग्री समावेश गरिएको बताए ।

मृगस्थलीमा योगी नरहरिनाथले लेखेका पुस्तक अलपत्र परेको, कति नष्ट भएको समाचार सार्वजनिक भएकोमा दुःख लागेको उल्लेख गर्दै उनीहरुले ती सम्पदाको संरक्षणमा राज्यको ध्यान जानुपर्ने बताए । योगी नरहरिनाथका विषयमा थप खोजी गरी कृति सार्वजनिक गर्न प्रोत्साहन गरिनुपर्नेमा कार्यक्रमका वक्ताले सरोकारवाला निकायको ध्यानाकर्षण गराएका थिए ।

# ४० लाख नगदसहित मण्डल पक्राउ

### विदेशी मुद्रासहित दुई जना भारतीय नागरिक प्रहरीको नियन्त्रणमा





**झापा, साउन ९।** झापा गाउँपालिका-२ बेलाइतीबारीबाट स्रोत नखुलेको नगद ४० लाख ३७ हजार ६ सय ७० रुपैयाँसहित सोही ठाउँ बस्ने ४६ वर्षीय गौरी मण्डललाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई शंका लागि जाँच गर्दा उक्त नगद फेला पारी पक्राउ गरेको हो ।

उता मोरङ बिराटनगर महानगरपालिका-१७ मटेरुवा चोकबाट जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले भारतीय र अमेरिकी डलरसहित २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारत उत्तर प्रदेश लखनउका ३४ बर्षीय अतुलकुमार र ३५ बर्षीय सन्दीप सिंह रोय रहेका छन् । शुक्रवार भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरुका साथबाट भारतीय नोट ५००को २०० थान (१ लाख) र सन्दीप सिंह रोयको साथबाट भारतीय नोट ५००को २१७ थान (१ लाख ८ हजार ५ सय), अमेरिकन नोट १००को २१ थान, २० को ५ थान, १० को १ थान र १ को ४ थानसहित दुबै जनालाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि आन्तरिक राजश्व कार्यालय इटहरी पठाइएको प्रहरीले जनाएको छ ।

### नक्कली नो-अब्जेक्सन लेटर बोकेर विदेश जान खोज्दा...

**झापा, साउन ९।** नक्कली नो-अब्जेक्सन लेटर प्रयोग गरी विदेश जान खोजेको अभियोगमा काठमाडौं महानगरपालिका-९ बस्ने झापा भद्रपुर नगरपालिका-७ घर भएका २४ वर्षीय सुमन राजवंशीलाई प्रहरीले पक्राउ गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट अर्कै व्यक्तिको नाममा जारी भएको एनओसी नम्बर ७७१२८९२ को नो-अब्जेक्सन लेटरमा विवरण किर्ते गरेर आफ्नो नाममा जारी भएको बनाई युक्रेन जान लागेको भन्ने सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो महाराजगञ्जबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-९ सिनामंगलबाट पक्राउ गरेको हो ।

उनलाई आवश्यक कारवाहीको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाइएको उक्त ब्यूरोले जनाएको छ ।

## चेम्बर अफ कमर्श प्रदेश उपाध्यक्षमा सन्तोष



सन्तोष अग्रवाल

**बिर्तामोड, साउन ९।** नेपाल चेम्बर अफ कमर्श प्रदेश नं. १को उपाध्यक्षमा झापा बिर्तामोडका सन्तोष अग्रवाल चयन भएका छन् ।

संस्थाका अध्यक्ष सुरेशमान श्रेष्ठले शनिवार सात सदस्यीय कार्य समिति चयन गरेका छन् । अग्रवाल नेपाल चेम्बर अफ कमर्श झापाको संस्थापक अध्यक्ष समेत हुन् । उनी रोटरी क्लब अफ मिड टाउन बिर्तामोडका संस्थापक अध्यक्ष समेत छन् । पत्रकारितामा समेत क्रियाशील अग्रवाल बिर्तामोडस्थित सन्तोष भेराइटिजका सञ्चालक हुन् । अध्यक्ष श्रेष्ठले महासचिवमा विराटनगरका अंशु बञ्जरालाई चयन गरेका छन् ।

कार्य समिति सदस्यहरुमा विराटनगरका राम अवतार अग्रवाल, दीपबहादुर खापुङ, योजित प्रधान, रञ्जित भगतलाई चयन गरिएको छ । कोरोना महामारी नियन्त्रणमा आएपछि प्रदेश १का सबै जिल्लामा पुगेर जिल्ला समितिको कार्यमूल्यांकन तथा प्रोत्साहन कार्यक्रम लागू गर्न पहल गरिने जनाइएको छ । प्रदेश सरकारसँग उद्योगी व्यवसायीका निम्ति कोभिड खोप माग गर्ने समेत शनिवार सम्पन्न समितिको पहिलो बैठकले निर्णय गरेको छ ।

## नुहाउन गएका तीन जना बेपत्ता

**काठमाडौं, साउन ९।** बर्दियामा खोलामा नुहाउन गएका तीनजना बेपत्ता भएका छन् । बेपत्ता हुनेमा गेरुवा गाउँपालिका-६का १४ वर्षीय सञ्जीव विक र उनकी ८ वर्षीया बहिनी दिलमाया छन् ।

उनीहरु कर्णाली नदीको सैजनाघाटमा नुहाउने क्रममा बेपत्ता भएको प्रहरी उपरीक्षक ईश्वर कार्कीले जानकारी दिए । यसैगरी राजापुर-५स्थित बूढी खोलामा नुहाउन गएकी २५ वर्षीया लालसा चौधरी पनि बेपत्ता भएकी छन् ।

तीन जनाको खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीयवासी लागीरहे पनि फेला परेका छैनन् । बिक दाजुबहिनी शुक्रबार बिहान करिब ११ बजे नुहाउने क्रममा बेपत्ता भएका थिए ।

नदीमा बेपत्ता भएको जानकारी उनीहरुसँग गएका साथीले गराएपछि प्रहरी र स्थानीयले खोजी गरिरहेको प्रहरी उपरीक्षक कार्कीले बताए । खोजीमा तालिम प्राप्त पौडीवाज लागिरहेका छन् ।

# कारागारका बालबालिकालाई खाद्यान्न सहयोग

**झापा, साउन ९।** बन्दी सहायता नेपालले झापा कारागारका तीन बालबालिकासहित २० बिद्यार्थीलाई खाद्यान प्रदान गरेको छ ।

बन्दी सहायता नेपालले सञ्चालन गरेको छोरीका लागि शिक्षा (जीईई प्रोग्रा) अन्तर्गत कारागार जीवन बिताइरहेका अभिभावकसँग आस्रित बालबालिका र अभिभावकबिहीन अर्जुनधारा, मेचीनगर र भद्रपुरका अतिबिपन्न २० बालबालिकाहरुलाई यो कोरोना महामारीमा कोही भोकै बस्न नपरोस् भनी ३० केजी चामल, २ लिटर खानेतेल, ३ केजी दाल, २ केजी नुन, साबुन बिस्कुटसहित तीन हजार रुपैयाँ बराबरप्रति व्यक्ति खाद्यान्न सामग्री बितरण गरिएको झापा सचिव रञ्जित परियारले जानकारी दिए ।

त्यसैगरी झापा कारागारमा रहेका आमासँग आश्रित तीन बालबालिकाहरुलाई पौष्टिक खाद्यान्न सामग्री संस्थाका केन्द्रीय अध्यक्ष इन्दिरा राना मगरले प्रदान गरेकी थिइन् । कारागारमा रहेका बालबालिकालाई कुपोषण नहोस् भनी प्रदान गरिँदै आएको सामग्री कोभिडको कारण केही महिना स्थगन गरिएता पनि स्वास्थ्य मापदण्डको पालना गरेर निरन्तर गर्ने रानाले बताइन् ।



## पिलरले लागेर बालकको मृत्यु

**इलाम, साउन ९।** इलाम नगरपालिका-१ नेपालटारस्थित हर्कबहादुर गुरुङको घरमा डेरा गरी बस्ने इलाम-६ खरेलडाँडा घर भएका बचासदीप रिजालको छोरा ८ बर्षीय ग्रेसधीफ रिजालको सिमेन्टको पिलर ढलेर लाग्दा मृत्यु भएको छ ।

छतमा खेल्ने क्रममा घर बनाउनको लागी बनाई राखेको पक्की सिमेन्टको पिलर भित्तामा ठाडो पारेर राखेको अचानक ढल्दा उनी गम्भीर घाइते भएका थिए । बालकलाई उपचारको लागि जिल्ला अस्पताल इलाम पुऱ्याउँदा मृत्यु भइसकेको अस्पताल स्रोतले जनाएको छ ।

### काँकरभिट्टा ...

कार्यालय मातहतका क्षेत्रमा विभिन्न अपराधका १ सय ४८ वटा घटना दर्ता भएका थिए । जुन संख्या अघिल्लो आर्थिक वर्ष २०७६/०७७ को तुलनामा २६ वटाले बढी भएको कार्यालयको तथ्याङ्कले देखाउँछ । त्यो वर्ष १ सय २२ वटा घटना दर्ता भएका थिए ।

कार्यालयमा खासगरी ज्यान सम्बन्धि कसुर, सवारी ज्यान सम्बन्धी कसुर, मानव बेचबिखन सम्बन्धी कसुर, मानव शरीरको अंग प्रत्यारोपण सम्बन्धी कसुर, करणी सम्बन्धि कसुर, चोरी तथा डाका कसुर, लागूऔषध सम्बन्धि कसुर, ठगी विश्वासघात तथा अपाराधिक लाभ एक्सर्टन सम्बन्धी कसुर लगायतका अपराधका घटना दर्ता भएका थिए ।

यो अवधिमा सवैभन्दा बढी लागूऔषध सम्बन्धी कसुरका ४८ वटा घटना दर्ता भएका थिए । यसमा ४६ वटा फछ्र्यौट भएका कार्यालयले जनाएको छ । यो कसुरमा ५६ पुरुष ६ महिला र ४ बालबालिका गरी ६६ जना संलग्न रहेका थिए । अझै पनि लागूऔषध सम्बन्धी कसुरका १० पुरुष र १ महिना गरी ११ जना फरार रहेका छन् ।

कार्यालयले दिएको जानकारी अनुसार ज्यान सम्बन्धी कसुरमा सवैभन्दा बढी झुण्डिएर आत्महत्या गर्नेको संख्या रहेको छ । गत एकवर्षको अवधिमा इलाका प्रहरी कार्यालय काँकरभिट्टा क्षेत्रमा ३२ जनाले झुण्डिएर आत्महत्या गरेका थिए । विष सेवन गरेर ३, आगो लगाएर र डुबेर १/१ जनाले आत्महत्या गरेका थिए । पानीमा डुवेर १ तथा भवितव्य ज्यानका ५ वटा घटना समेत गत आर्थिक वर्ष २०७७/०७८मा दर्ता भएका थिए । सवारी ज्यान सम्बन्धी कसुर अन्तर्गत सवारी ज्यानका ३ र सवारीबाट अंगभंगका १ गरी ४ वटा घटना भएका थिए ।

मानव बेचविखनका २ वटा घटना भएका थिए भने करणी सम्बन्धी कसुर अन्तर्गत सवैभन्दा बढी जवरजस्ती करणी उद्योगका ५, जवरजस्ती करणीका ४ वटा घटना गत आर्थिक वर्ष २०७७/०७८ मा दर्ता भएका थिए । यसैगरी, हाडनाता करणीका १ र बालयौन दुरुपयोगका ५ वटा घटना भए । चोरी तथा डाका कसुरमा चोरीका ३ तथा चोरी उद्योगका १ गरी ४ वटा घटना भए । ठगी विश्वासघात तथा अपाराधिक लाभ एक्सर्टन सम्बन्धी कसुर अन्तर्गत ठगीका १, सार्वजनिक हित, स्वास्थ्य सुरक्षा सुविधा र नैतिकता विरुद्धको कसुर अन्तर्गत अभद्र व्यवहारका २५ वटा घटना भएका छन् । विवाह कसुर सम्बन्धी अन्तर्गत बहुविवाहको एउटा घटना दर्ता भएको थियो ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाले मेचीनगरको १ देखि ८ नम्वरसम्मका वडाको शान्ति सुरक्षा हेर्नुपर्दछ । मेचीनगरको ९ देखि १५ नम्वर वडासहित बुद्धशान्ति गाउँपालिकाको १ देखि ७ नम्वर वडा इलाका प्रहरी कार्यालय धुलावारीले हेर्ने भए पनि ठूल्ठूला अपराधका घटना भए इलाका प्रहरी कार्यालय काँकरभिट्टाले हेर्ने गर्दछ ।

### दाजुबहिनीको ...

सुजिता काठमाडौंमा फ्ल्याटमा केही समय सँगै बसेको प्रहरी अनुसन्धानबाट खुलेको छ । सँगै बस्न थालेपछि सुजिताले विवाह गर्न दवाव दिइन् ।

'बिहे गरौं नत्र मरिदिन्छु' भनेर सुजिताले दवाव दिएपछि सुकदेवले उनलाई फकाएर चितवन पठाएका थिए । चितवन जानुअघि दाजु-बहिनीको बीचमा 'अपहरण' मा परेको कथा बनाएर सुटुक्क विवाह गर्ने योजना बनेको थियो । सो योजनाअनुसार सुजिता चितवन गइन् । ०७८ असारमा सुजिता फेरि काठमाडौं आउन खोजेकी थिइन् । सुकेदेवले मानेनन् ।

काठमाडौं आउने र विवाह गर्ने विषयमा झगडा गरेपछि सुकेदेवले सुजितालाई 'मरे पनि फरक पर्दैन' भनेर म्यासेज पठाए । झगडापछि घरबाट हिंडेको १० दिनपछि सुजिताको शव असार २० मा फेला परेको थियो ।

सुजिता र सुकदेवको परिवार दोलखाबाट चितवन झरेको थियो । करिब ३ वर्षदेखि उनीहरु गहिरो प्रेममा थिए । चितवनको राप्ती नगरपालिका-३ घर भएकी २३ वर्षीया सुजिताको भिसेरा परीक्षणका लागि राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट)मा पठाइएको छ ।

असार ११मा बिहान ६ बजे घरबाट हिँडेकी सुजिताले त्यसैदिन दिउँसो दिदीलाई फोन गरेर आफू अपहरणमा परेको जानकारी गराएको परिवारले दाबी गरेका छन् ।

### अपराधका ...

अबैध काठ चोरी निकासी र ट्राफिक व्यवस्थापनमा प्रभावकारी रुपमा प्रहरी परिचालन भए अनुसार प्रहरीले सो सफलता पाउन सकेको प्रहरीको दाबी छ ।

त्यसैगरी सोही अवधिमा विभिन्न अपराधमा सजाय तथा जरिवाना फैसला भई फरार रहँदै आएका ७४३ जना फरार प्रतिवादी पक्राउ गरी ७३५ बर्ष कैद भुक्तान भएको छ । त्यस्तै चार करोड ४३ लाख ५८ हजार ९ सय २७ रुपैयाँ राजश्व संकलन भएको छ । यसैगरी लागूऔषध नियन्त्रणतर्फ ३५१६ ग्राम लागूऔषध ब्राउनसुगर बरामद भएको छ भने १७८९.१११ केजी गाँजा बरामद भएको छ ।

यसैगरी बिभिन्न मनोद्विपक क्याप्सुल ५० हजार २५५ ट्याब्लेट बरामद भएको तथा मनोद्विपक सुई १० हजार ३५८ एम्पुल बरामद भएको छ । अन्य बिभिन्न किसिमका मनोद्विपक औषधिहरु दुई हजार चार सय ८३ ट्याब्लेट बरामद भएको छ ।

भन्सार चोरी निकासीतर्फ अबैध रुपमा सामान चोरी निकासी गर्ने १९० जना मानिस पक्राउ गरेको प्रहरीले नदीजन्य पदार्थको अबैध रुपमा दोहन गर्ने एक सय ७० जना मानिस र सात सय ८५ वटा नदीजन्य पदार्थ उत्खनन् गर्ने र ओसार-पसार गर्ने सवारी साधनलाई पक्राउ गरेको जनाइएको छ । यसैगरी अबैध काठ चोरी निकासी गर्ने ७० जना मानिस पक्राउ गर्नुका साथै ३२६१ क्यू.फिट. काठ बरामद गरी ७० लाख ३८ हजार सात सय ८७ रुपैयाँ राजश्व संकलन भएको छ ।

### कांग्रेसको ...

संशोधित कार्यतालिका अनुसार गाउँ-नगर वडा अधिवेशन यही साउन १२ गते, गाउँनगर अधिवेशन साउन १६ गते र प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गतेका लागि तोकिएको छ ।

त्यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३, एक भन्दाबढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ तथा प्रदेश अधिवेशन भदौ १ र २ गतेका लागि निर्धारण गरिएको छ ।

### सिर्जनाको ...

डीएसपी थापा भन्छन्- 'पोस्टमार्टम रिपोर्टले पनि घटनाको तथ्यलाई उजागर गर्ने छ, हामी रिपोर्टको प्रतीक्षामा छौं ।' भिसेरा तथा भेजाइनल स्वाब परीक्षणका लागि काठमाडौ पठाइएको र त्यसको रिपोर्ट आउन समय लाग्ने प्रहरीले जनाएको छ । बिहीबार संघीय प्रहरी इकाई कार्यालय धरानका प्रहरी उपरीक्षक भीम दाहालको नेतृत्वमा आएको टोलीले घटनाको अनुसन्धान गर्नुका साथै प्रदेश र जिल्लाको अनुसन्धानमा खटिएको प्रहरी टोलीसँग छलफल गरेको थियो ।

प्रहरी उपरीक्षक दाहालका अनुसार- घटनाको विषयमा अनुसन्धान अन्तिम चरणमा पुगेको छ । धेरै आशंकाका बीच प्रहरीले अनुसन्धानलाई गहन रुपमा अघि बढाइ रहेको र छिट्टै वास्तविकता सार्वजनिक गर्ने प्रहरीले जनाएको छ । घटना लगत्तै जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक सानुराम भट्टराई घटनास्थलमा पुगेका थिए । त्यस्तै जिल्ला न्यायाधीवक्ताले समेत सिर्जनाको शव भेटिएको स्थानको अवलोकन गरिसकेका छन् । घटना लगत्तै प्रहरीले वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चिकित्सकको टोली नै झिकाएर अनुसन्धान शुरु गरिएको थियो ।

असार २८ गतेको घटना लामो समयसम्म सार्वजानिक नभएपछि नागरिकमा असुरक्षाको अनुभूति हुन थालेको स्थानीयले बताएका छन् । पछिल्लो समय भएका श्रृंखलाबद्ध शंकास्पद मृत्यु प्रकरणमा प्रहरीले दोषी पत्ता लगाउन नसकेको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीले बिरोध समेत जनाएको छ । निरन्तरका घटनाहरुको दोषी पत्ता लगाई कानूनको कठघरामा उभ्याएर जनतालाई सुरक्षित महशुस गराउन राप्रपाले आग्रह गरेको छ । त्यस्तै हत्याका घटनाहरु बढेको तर प्रहरीले सत्यतथ्य पत्ता लगाउन नसकेको भन्दै बिर्तामोड नगरपालिकाले एक विज्ञप्ति जारी गरी सुरक्षाको माग गरेको छ ।

### खोप ...

यसअघि शुक्रराज अस्पतालबाट मात्रै खोप प्रमाणीकरण हुने भएपछि विदेश जानेको भीड बढेको थियो ।

खोप लगाइसकेपछि वैदेशिक रोजगारमा जाने र विदेशमा अध्ययन भ्रमणमा जाने विद्यार्थीलाई खोप लगाइसकेपछि खोप कार्डको प्रमाणीकरण अनिवार्य लिनुपर्ने व्यवस्था सरकार र विभिन्न देशले गरेका छन् । उनले चाँडै नै अनलाइनबाट खोप कार्ड प्रमाणीकरण गर्ने तयारीसमेत गरिएको जानकारी दिए ।


## कर्मचारी आवश्यकता

यस जनशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिर्तामोड -४ झापालाई निम्न अनुसारका कर्मचारीहरु आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**क. पद – सह लेखापाल (सातौं तह): २ जना**
योग्यता -१०+२ वा सो सरह
उमेर: १८-४० बर्ष
कम्प्युटर सिप परीक्षा अनिवार्य
दस्तुर : ५००/-

**ख. बजार प्रतिनिधि- ६ जना**
स्थानीय बासिन्दालाई ग्राहयता
(अर्जुनधारा नपाएरिया )
दस्तुर: २००/-
तलब : संस्थाको नियम अनुसार

आवश्यक कागजात : नपाली नागरिकता, फोटो, शैक्षिक योग्यता तथा अनुभवका प्रतिलिपिहरू
आवेदन दिने २०७८/०४/१० देखि २०७८/४/१६ गते ४ बजेसम्म
परीक्षा: लिखित, मौखिक, कम्प्युटर सिप परीक्षा मिति: २०७८/०४/१६ गते शनिवार

**जनशक्ति बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
बिर्तामोड-४ झापा, सम्पर्क: ०२३५४३३४४

## बिर्तामोड नगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा नियमावली २०७५ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०७८ श्रावण १ गते देखि भाद्र मसान्तसम्ममा** सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ । बालबालिका,पूर्ण अपाङ्गता, ९० वर्षमाथी र आफै उपस्थित हुन नसक्नेको हकमा संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।

**आवश्यक कागजातहरु**
- नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- पासपोर्ट साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण सेवा इकाइ
बिर्तामोड नगरपालिका,झापा

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७८।४।१० | ११ केभी चारआली फिडर | बसपार्क, पूर्व स्टेण्ड, बुट्टाबारी, चारआली चौक उत्तर दक्षिण, विएण्डसी, कन्काई र मनमोहन हस्पिटल आसपासका क्षेत्रहरु | विहान ८:०० बजेदेखि दिउँसो ४ बजेसम्म | लाइन निर्माण सम्बन्धी कार्य गर्नुपर्ने । | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
अनारमनी वितरण केन्द्र

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

## फेरि पनि त्यही कुरा

**अघिल्लो सरकारले हेलचेक्र्याइँ गरेका कारण अनियन्त्रित बनेको महामारी फेरि फैलिन थालेको छ । ढिलै गरेर भए पनि बन्दाबन्दीले महासङ्कट रोक्न केही सहज भएकै हो । तर, कोरोनाको दोस्रो लहर शुरू भएयता भने अनेक नाममा बन्दाबन्दी खुकुल्याउँदै जाँदा अहिले सङ्क्रमण नियन्त्रणबाट बाहिर जाने त्रास बढेको छ । साउन लागे यता सङ्क्रमण दिनहुँ बढ्ने क्रममा रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क अनुसार शुक्रबार एकै दिन तीन हजारभन्दा बढीमा सङ्क्रमण देखिएको छ । यसले हाम्रो असावधानी र सरकारको अदूरदर्शिता मात्रै देखाउँछ । बन्दाबन्दीको सट्टामा निषेधाज्ञा र निषेधाज्ञामा संघीयता उपयोग गर्दा न प्रहरी पूर्ववत् परिचालित हुन सक्यो न स्थानीय सरकारले जिम्मेवारी बोध गर्‍यो न त आम मानिस आफ्नो स्वास्थ्यप्रति सचेत हुन सके ।**

**विषाणुजन्य महामारीबाट बच्ने केवल दुईवटा उपाय रहेछन् । पहिलो स्वयम्लाई एकान्तबासमा लानु र अर्को खोप लगाउनु । यी दुईमध्ये पहिलो सर्वाधिक प्रभावकारी उपाय रहेछ विज्ञका अनुसार । दोस्रो व्यक्तिको पहुँचमा नभएका कारण सरकारको आश गर्नु पर्‍यो । खोप उत्पादक देशहरू आफैं कोरोनाजन्य पीडाबाट मुक्त भइनसकेको अवस्थामा कुटनीतिक तथा राजनीतिक क्षमताभन्दा अरू उपायले यथेष्ट खोप पाइने भएन । अघिल्लो सरकारले विषयको गाम्भीर्यलाई अनुभूत गर्न सकेन अझ सत्तास्वार्थको भुँवरीमा रूमलिरह्यो । पछिल्लो कालमा ल्याइएका खोप र अभियान पनि स्वार्थबाट सञ्चालित भए । पहुँच हुनेले स्वास्थ्यविद्ले निर्धारण गरेको मापदण्ड विपरीत घर-घरमै खोप लगाएको र लक्षित वर्गले घण्टौं खोप केन्द्रमा उभिएर पनि खोप नपाएको घटना सार्वजनिक भए । यसले सरकार नै जिम्मेवार नभएको प्रमाणित गरेको छ ।**

**अहिले बाटोघाटो, चोक, चौरस्ता, सभा, जुलुस, प्रदर्शन, पसल, व्यवसाय कतै महामारीको त्रासको अनुभव भएको देख्न पाइन्न । बिनाकाम निजी सवारी निर्वाध दौडिएका छन् । भोजभतेर, जमघट निसङ्कोच चल्न थालेका छन् । निषेधाज्ञामै बन्द नभएका भीडभाड हुने ठाउँबाट कति सङ्क्रमण फैलिने हो त्यसप्रति कसैको चासो र चिन्ता छैन । सरकारले बन्द रहेका लामो दूरीमा चल्ने सार्वजनिक सवारीसाधनलाई पनि खुल्ला गरिदिएको छ । यी यस्ता सबै कारणले कोरोनाको तेस्रो लहरलाई हर्षले स्वागत गर्ने निश्चित छ । अझ छिमेकी देश हिन्दुस्तानमा कम हुँदै गएको सङ्क्रमणको गति उकालो लाग्दै गएको त्यहाँका सञ्चारमाध्यमले सार्वजनिक गरिरहेका छन् । त्यसको प्रत्यक्ष प्रभाव हामीलाई पर्ने नै हो । त्यसैले लापरबाहीले पहिलो लहरको जस्तै स्वास्थ्य सेवा, सामग्री र शय्याको अभाव हुने अवस्था नआओस् जन-जनमा चेतना जाग्नु पर्छ । सरकारले खोप अभियानलाई ग्रामीण क्षेत्रसम्म अभिभावकीय दायित्व पूरा गर्ने हिसाबले सञ्चालन गर्नुपर्छ । महामारीलाई हलुका र मनोगतरूपमा मात्रै नलिऔं अन्यथा यसले दिने पीडा र क्षति स्वयम्ले भोग्नु पर्नेछ।**

# शिव महिमा र साउने सोमबार



**दीर्घराज प्रसाई**

आराध्यदेव पशुपतिनाथ नेपाल, भारत तथा विश्वका विभिन्न शिव मन्दिर, महादेवस्थानहरूमा हिन्दू नरनारीबाट भक्तिपूर्वक पूजा-आराधना गरिनुमा साउने सोमबारको ठूलो महिमा छ। संसारका हिन्दूहरू ठूलो उत्साहका साथ पशुपतिनाथ लगायत नेपाल, भारत तथा विश्वमा अवस्थित शिव मन्दिरहरूमा आराधनाको लागि साउनको सोमबार भक्तजनको ठूलो भीड लाग्दछ।

पशुपतिनाथ हिन्दूहरूका लागि ठूलो तीर्थस्थल हो। प्रथम गोपालवंशी राजा भुक्तमानले पशुपतिनाथको दिव्यज्योति प्रकट भएको देखेर पशुपतिनाथको देवल बनाएको उल्लेख छ। हिमालयको दक्षिण, गङ्गाको उत्तर, काठमाडौं उपत्यका रुद्रको अति नै प्रिय क्षेत्र हो। पशुपतिनाथकै प्रतापले गोसाइँकुण्ड, पिण्डेश्वरलाई पवित्र क्षेत्रको रुपमा लिइन्छ। कैलाश-मानसरोवर, गोसाइँकुण्ड, अमरनाथलाई शिवजीको तपोभूमिका रुपमा विश्वभरका हिन्दु तथा बौद्धमार्गीहरूले मान्दछन्। पशुपतिनाथलाई शिव, महादेव, किराँतेश्वर, शङ्कर, शम्भु, ज्योतिलिङ्ग आदि विभिन्न नामले पुकारिन्छ।

महाभारत कालमा युद्धको समाप्तिपछि हिमालयतर्फ जाँदा पाण्डवले प्रायश्चितस्वरुप पशुपतिनाथको पूजा गरेका थिए। लिच्छवि वंशका पहिला राजा 'विक्रमादित्य' को उपाधि धारण गरेर 'वैशालाधिपति' को रुपमा पशुपतिनाथ र बज्रयोगिनीको तपस्या गरी शक्ति प्राप्त गरेर बत्तीसपुतलीमा आफ्नो सिंहासन कायम गरेका र उनैबाट कासीमा विश्वनाथको मन्दिर स्थापना गरिएको कुरा देवमाला वंशावली र हिमवतखण्डमा उल्लेख छ। नेपालका लिच्छविकालीन तथा शाहवंशीय राजाहरूले पशुपतिनाथप्रति भक्ति गरेर सेवा गरेका प्रसस्त अभिलेखहरू छन्। पशुपतिनाथलाई राष्ट्रिय देवताको मान्यता प्रदान गरिएको राजा अंशुवर्माद्वारा हो। पृथ्वीनारायण शाहले पशुपतिनाथलाई पञ्चामृतले नुहाउन प्रारम्भ गराएका थिए।

हिमवतखण्डका स-साना टुक्रामा विभाजित हिन्दु राज्यलाई गोर्खाका राजा पृथ्वीनारायण शाह तथा उनीपछि उनका कान्छा छोरा बहादुर शाहको नेतृत्वमा एकीकृत गरिएर नेपाल हिन्दु अधिराज्य बनेको हो। यो भूमि हिमाल, पहाड, तराईका हरक्षेत्र, पवित्र नदी, ताल, धाम, जङ्गल, भूभागले सिञ्चित छ। भारतखण्डमा एकहजार वर्षसम्म मुसलमान र अङ्ग्रेजी साम्राज्यले हिन्दु र बौद्धका अस्मिताहरू तोडफोड गरेर बिटुलो बनाएर आफ्नो भाषा, धर्म र संस्कृति थोपर्ने काम गर्‍यो। साम्राज्यवादी शक्ति र अन्य कुनै धार्मिक षडयन्त्रबाट नेपाल कहिल्यै बिटुलो नबनेकाले नेपालको विश्वमा ठूलो प्रतिष्ठा छ।

भारतमा चार धाम प्रशिद्ध छन् भने नेपालमा नेपालका पशुपतिनाथ, स्वयम्भूनाथ, मुक्तिनाथ, गोसाइँकुण्ड, बराहक्षेत्र, पाथीभरा, जनकपुरधाम, लुम्बिनी, बौद्धनाथ धामजस्ता प्रसिद्ध थाम छन्। नेपालमा रहेका धाम, पवित्र मन्दिर र सयौं तीर्थस्थलहरूको साथै यहाँको सभ्यता र सांस्कृतिक वैभवहरूको विश्वब्यापी मान्यता छ। नेपाल तथा भारत हिन्दूधर्म दर्शनको उद्‍गम हो। नेपालका साथै भारतमा अवस्थित तीरुपति, अमरनाथ, बद्रीनाथ, रामेश्वरम्, गया, कासी, विन्ध्यावासिनी, कामाक्ष-कामरुप, आदि पवित्र स्थलहरूमा नेपाल र भारतबीचमा त्यत्तिकै तादात्म्य छ। भारतका कतिपय धाम र मन्दिरहरूमा नेपालका राजाहरूको विशेषाशिकार रहिआएको छ।

विक्रम सम्वत् १७१४ भन्दा अगाडि सन्यासीहरू पशुपतिनाथका पुजारी थिए। त्यसपछि यहींकै राजोपाध्यायबाट पशुपतिनाथको पूजा गरिन्थ्यो। क्रमशः पशुपतिनाथका पूजारीको सहायताका लागि बनेपाबाट नेवार जातिका पुजारीलाई पशुपतिको भण्डारे बनाइयो। पछि प्रताप मल्ल कर्नाटकका राजासँग सम्पर्कमा जाँदा कर्नाटक राजाले सहयोगीका रुपमा तान्त्रिकहरू ज्ञानानन्द र लुम्मकर्ण भट्ट नेपालमा दाइजोका रुपमा आएका र पछि तिनै तान्त्रिक भट्टको माग अनुसार भट्टहरू पशपतिनाथका पुजारी बनाइए। अहिलेसम्म पशुपतिनाथको मन्दिरमा मूलभट्टसहित दक्षिण भारतका चार जना भट्ट पुजारी र १०६ जना नेवार भण्डारी छन्। पशुपतिक्षेत्र देवपाटनमा जन्मिएका भण्डारीलाई मात्र पशुपतिनाथका पूजामा चलाइन्छ। भट्ट र भण्डारी गृहस्त हुन्छन्। पशुपतिनाथको चार ढोका बिहान चार बजे खुल्छ। बिहान साडे आठ बजे भट्टहरूभित्र प्रवेश गर्छन्। पशुपतिनाथको क्षेत्रफल २६४ हेक्टर भूभागमा फैलिएको छ र यस क्षेत्रभित्र ५१८ वटा मन्दिर र धार्मिक स्मारकहरू निर्मित छन्।



हिन्दु तथा बौद्धमार्गीहरूले पशुपतिनाथका साथै अमरनाथ, विश्वनाथ, कैलाश-मानसरोवरलाई शिवजीको तपोभूमिका रुपमा मान्छन्। वाला चतुर्दशी, शिवरात्री, अक्षयतृतीया, एकादशी, तीज, साउनको सोमबारमा भक्तजनको पशपुतिनाथ र संसारका सबै शिव मन्दिरहरूमा भीड लाग्छ। साउनको सोमबार शिवजीको जन्मदिन स्वरुप भक्तिपूर्वक धुमधामका साथ मनाइन्छ। साउने सोमबार अधिकांश महिनामा पाँचपटक पर्दछन्। तर यो २०७५ सालको साउने सोमबार चार दिन मात्र परेको छ। साउनको सोमबारमा बोलबमको नाममा राता र पहेँला वस्श्र लगाएका भक्तजनबाट पवित्र नदीको जल घडामा लिएर पशुपतिनाथ र शिवमूर्तिहरूमा भक्तिपूर्वक चढाइन्छ। निधारमा टीका लगाएका भक्तजनको मेला र भेलाले पशुपतिनाथ, गोसाइँकुण्ड, भक्तपुरको डोलेश्वर, पाटनको कुम्भेश्वर, धरानको पिण्डेश्वर सिँगारिएको हुन्छ।

समय-समयमा राजनीतिक परिवर्तन हुँदै आए तापनि हाम्रा धाम र मन्दिरहरूको परम्परागत मान्यता र पहिचान बचाउने कार्य हुँदै आएको छ। हिन्दुहरूको नेपाल, क्रिस्चियन र यहुदीहरूको जेरुसेलम, मुसलमानहरूको मक्कामदिना पवित्र स्थलहरू मानिन्छन्। क्रिस्चियनहरूको क्रस र चर्च, यहुदीको षड्कोण, मुसलमानको नमाज तथा मस्जिद् र हामी हिन्दु र बौद्धको पशुपतिनाथ र स्वयम्भूनाथ त्यतिकै पूजनीय छन्।

हिमवत्खण्ड नेपालमा एकपटक विक्रम सम्वत् १४०० तिर बंगालका नबाव सुल्तान समसुद्दिनले एकतीस हजार मुसलमान पल्टन लिएर नेपालका मन्दिर तथा विहारहरू ध्वस्त गर्दै जनकपुर, पनौती हुँदै पशुपतिनाथको मन्दिरसमेत ध्वस्त पार्ने धृष्टता गरेका थिए। लिच्छवि वंशका अन्तिम राजा जयर्जुनदेव कमजोर राजा भएकाले त्यही मौका छोपेर मुस्लिम आक्रमणले सारा हिन्दु तथा बौद्धहरूमा कोलाहल मच्चियो। त्यस्तो विकराल अवस्थाबाट यसक्षेत्रलाई बचाउन पाल्पा, कास्की, गोरखा, लमजुङका राजाहरूको सहयोग लिएर खसराजा जयस्थिति मल्लले मुसलमान फौजमाथि आक्रमण गरे। तीस हजार चार सय मुसलमान फौज मारिए र छ सय जति ज्यान बचाएर भागेको कुरा भक्तपुर तजेजु स्तम्भको शिलालेखमा उल्लेख छ। त्यसपछि जयस्थिति मल्ल काठमाडौं उपत्यकाको राजसिंहासनमा बसेर पशुपतिक्षेत्रमा जीर्णोद्धार तथा पुनरुत्थान गरी बाग्मतीपारि राम मन्दिरको निर्माण गरेका र नेपाल सम्वत् ४७० मा कुम्भेश्वर महादेवको स्थापना गरी कोटीहोम गर्दै शुद्धशान्ति गरेर पशुपतिनाथको मन्दिरभित्र हिन्दु तथा बौद्धलाई मात्र प्रवेश र अरुको लागि प्रवेश निषेध गर्ने नियम चलाएकाले अहिलेसम्म त्यही परम्परा चल्दै आएको छ। संविधानहरू समयानुकूल परिवर्तन भइरहन्छन् तर परम्परागत रुपमा स्थापित मान्यताहरू संविधानभन्दा माथि हुने भएकाले परम्पराको रुपमा त्यसको समर्थन भइआएको छ। यस्तो परम्परा अन्य धर्ममा पनि प्रसस्त प्रचलित छन्।

समय-समयमा राजनीतिक परिवर्तन हुँदै आए तापनि हाम्रा धाम र मन्दिरहरूको परम्परागत मान्यता र पहिचान बचाउने कार्य हुँदै आएको छ। हिन्दुहरूको नेपाल, क्रिस्चियन र यहुदीहरूको जेरुसेलम, मुसलमानहरूको मक्कामदिना पवित्र स्थलहरू मानिन्छन्। क्रिस्चियनहरूको क्रस र चर्च, यहुदीको षड्कोण, मुसलमानको नमाज तथा मस्जिद् र हामी हिन्दु र बौद्धको पशुपतिनाथ र स्वयम्भूनाथ त्यतिकै पूजनीय छन्।

विक्रम सम्वत् १४६५ मा राजा ज्योतिर्मल्लले पशुपतिको अभिलेखमा उल्लेख गरेका थिए- 'पूण्यभूमि नेपालखण्डमा वत्सलेस पाँचमुख भएका परमपशुपति बाग्मतीको तिरमा हुनुहुन्छ र यहीं पूज्य बाशुकीनाग पनि हुनुहुन्छ।' राजाहरूमा प्रताप मल्लले पशुपतिनाथको धेरै सेवा गरेको पशुपतिनाथमा प्रसस्त शिलालेखहरूमा पाइन्छ। पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दाको समयमा पशुपतिनाथको पूजाअर्चना गरेको कुरा भाषा वंशावलीमा उल्लेख छ। पृथ्वीनारायण शाहको काठमाडौं उपत्यका विजयपछि विक्रम सम्वत् १८२६ मा वसन्तपुर दरबारको अभिलेखमा उल्लेख छ- 'राजा पृथ्वीनारायण शाहको वंश गुह्येकाली र पशुपतिको दुई पाउका धुलाका प्रसादले नेपाल स्थिर भइरहोस्।' यसैगरी शाहवंशीय राजामा रणबहादुर शाह र विक्रम सम्वत् १८६७ मंसीरमा राजा गीर्वाणयुद्ध विक्रम शाहबाट पुजारीको अलग-अलग खान्की तोकिदिएका थिए। शाहवंशीय राजा लगायत राजा महेन्द्र तथा राजा वीरेन्द्रबाट पनि साविकबमोजिम चल्दै आएका पशुपतिनाथका पूजा आजा सम्बन्धी अनेकौं लालमोहोरहरू लागु हुँदै आएका छन्।

कैलाश मानसरोवर शिवजीको क्रिडा तथा तपस्थान र हिन्दु तथा बौद्धहरूको पवित्र तीर्थस्थल हो। मानव कल्याणको लागि महादेवले हलाहल विषलाई आफ्नो कण्ठमा राखी त्यसको डाहाबाट मुक्त हुन त्रिशूलबाट जलधारा निकाली कुण्ड बनाई त्यही कुण्डमा शयन भएकाले गोसाइँकुण्डको पनि ठूलो महीमा छ।

अठार पुराण सबैमा शिवको महीमा छ भने शिव पुराण शिवजीको वयानको वृतान्त हो। हिमवतखण्डको पुस्तकमा- 'मरिचि, पुलह, ऋतु, भृगु, अत्री आदि ऋषिहरूले पशुपतिनाथको पूजा गरेर बसेको उल्लेख छ। नेपालका राजाहरू आफ्नो संदेश र भाषणको अन्त्यमा 'पशुपतिनाथले हामी सबैको कल्याण गरुन्' भन्ने उद्‍गार गर्छन्। पशुपतिनाथ लगायत नेपाल र भारतका शिव मन्दिरहरूमा सोमवारको दिन राताम्य महिला र विभिन्न भेषका पुरुष भक्तजनबाट बोलवम भन्दै पवित्र, नदी, तालबाट घडाका घडा जल महादेवमा चढाउने काम गरिन्छ। विशेष गरेर साउने सोमबार महिलाले आफ्ना पति, सन्तानको समृद्धिको कामना गरेर उपवास ब्रतमा लिन रहन्छन्। विश्वभरिका हिन्दूहरूका आराध्यदेव पशुपतिनाथको पूजाअर्चना गर्नु आस्तिकहरू आत्मगौरव मान्छन् भने नास्तिकहरू यसक्षेत्रलाई परम्परागत अस्तित्व ठान्छन्।

पशुपतिनाथ क्षेत्रमा पहिला पहिला सनाई, नगरा, सुरही, बाजाहरू बजिरहेका हुन्थे तर अहिले सुनिदैन। त्यस्तै पशुपतिनाथ तथा यहाँका मन्दिरहरूमा घन्ट बजाइन्थे तर आजभोलि घन्ट समेत बज्दैनन्, कहीं रालो छैन, कहीं फुटेको कारण रन्को छैन। अहिले पशुपति विकास कोषले नयाँ गुरुयोजनाको नाममा किन हो पशुपतिनाथभित्रका प्रचलित परम्परा, निर्माण कार्य र पूजाआजामा केही परिवर्तन गर्न खोजिएकाले हिन्दु भक्तजनले विरोध प्रदर्शन गरिरहेका छन्।

किन यसरी हिन्दूहरू असन्तुष्ट छन् भन्ने कुरा पशपतिनाथ विकास कोषले विरोध उठेका कुरामा अध्ययन गरी असन्तुष्ट भक्तजनसँग कोषले छलफल गरेर समाधानको बाटोमा पुग्नु पर्दछ। यसरी परम्परागत घन्टहरूलाई तन्दुरुस्त राखेर यहाँ प्रस्तुत गरिएर गुनासाहरूमा ध्यान केन्द्रित गरेर पशपति कोषबाट यथाशीघ्र सुधार गरी प्रचलनहरूलाई कायम नै राखिनुपर्छ। पशुपतिनाथका ढोका खोल्ने कार्यलाई पनि व्यवस्थित गरिनु आवश्यक छ। गोप

# अब मानव जीवनको अस्तित्व



**गजाधर कुइँकेल**

आमालाई अति ठूलो कष्ट भोगाई नौ महिनासम्म कोखमा बसेर आमाको जीवन र मृत्युको होडमा बालकको जन्म हुन्छ। नाल र जालले बेरिएको शरीर, हात मुठ्ठी परेका, खुट्टा बाउँडिउका, मुख रुँदै गरेको, अत्यन्तै जीर्ण स्वरुप आमाकै योगदानले मानव स्वरुपमा बदलिएको हुन्छ। बामे सर्ने हुँदै, बोल्ने, हिँड्न सक्ने हुन जान्छ। बाल्य अवस्थादेखि नै पढ्न-लेख्न थाल्दछ।


शिशु-साक्षरदेखि उच्च शिक्षा ग्रहण गर्दछ। अन्य देशमा समेत गई पढेर विद्वान बन्दछ। कोही सन्त, महन्त, राजनीतिज्ञ, वकिल, डाक्टर, शिक्षक, फकिर बन्छन्। कोही इञ्जिनियर, पाइटल बन्छन् भने कोही वेदाचार्य। कोही  चालक बन्छन्, कोही म्यानेजर, हाकिम बन्लान्। कसैले धेरै धनसम्पत्ति कमाएर घरघडेरी, महल जोड्लान। धनीमानीकी छोरी विवाह गरी सुखी र विलासी जीवन बिताउँछन्। दिनानुदिन बालबच्चा जन्मन्छन्। बाबु जागिरबाट पेन्सन थाप्ने हुन्छ। बैंकमा धेरै रकम जम्मा गरेको पनि हुन्छ। आफ्नो उमेर पाको हुँदै जान्छ। एक पेट खायो, सुत्यो, उठ्यो। फेरि खायो, सुत्यो उठ्यो। आखि मानिस भएर जन्मेपछि यो भन्दा बढी के नै गर्नुछ र।

यो सृष्टिका सम्पूर्ण जीवन प्राणी, पशुपन्छीहरु प्रकृतिकै नियमका पुजारी भएर बाँचेका छन्। प्रकृतिले उत्पादन गरिदिएका घाँसपात, फलफूल, रस खाएर, पानी, हावा, घामकै घरमा स्वस्थ भएर बाँचेका छन्। सबै पशुपन्छी, प्राणी, मानिस बिहान झिसमिसेमै उठेर दिनभरि हिँड्छन्, उड्छन, घस्रन्छन्, खान्छन्, प्युँछन्। रात परेपछि ती पशुपन्छी, प्राणीहरु आ-आफ्नो सुरक्षित ठाउँ पहिल्याएर आरामले सुत्छन्। रात बिताउँछन्। अपवाद बाहेक कुनै प्राणीले रोगब्याधीको सिकार बन्नुपरेको उदाहरण पाइँदैछ। सबेरै उठेर जब ती पन्छीहरु चिर्बिराउन थाल्छन् अनि मात्र घरको कोठामा आननदले निदाएको मानिस ब्यूँझन्छ। उज्यालो भयो भनी कुखुराको भालेले बासेर संकेट दिनुपरेको छ। आखिरमा पृथ्वीमा भएका अन्य पशुपन्छी र चेतनशील मानिसबीच के फरक भयो र ?

पशुपन्छीमा पनि स्पर्श, शब्द, रुप, गन्ध र भोक, तिर्खा, भय, निद्रा, मैथुन आदि हुन्छ भने मान्छेमा पनि तिनै गुण हुन्छन्। मानव प्राणीमध्ये सर्वश्रेष्ठ मानिए तापनि मानिसकै डर अन्य प्राणीमा बढिरहेको छ। मानिसकै कारण परम्परा, धर्म, संस्कृति जस्ता मानव सिर्जित धरोहर तथा भू-क्षय, वनविनाश, प्राकृतिक विखण्डन, प्रतिकूल समय आदि बढ्दै गएको छ। मानिसले भौतिक विज्ञान र अध्यात्मको समन्वय गरी ज्ञान हासिल गर्नुपर्दछ र उक्त ज्ञानको प्रयोग गरी जीवजीवाणुको सुरक्षा गर्नुपर्दछ। त्यसैगरी भू-संरक्षण, जलवायुको सुदृढीकरण, वनजंगलको संरक्षण गरी पन्छी, प्राणी र मानव समेतको अस्तित्व जोगाउने कार्य मानिसले नै गर्नुपर्दछ। प्रकृति र प्राणीबीचको सद्भाव कायम राख्ने मुख्य भूमिका मानिसकै जिम्मेवारीभित्र पर्दछ।

वर्तमानमा अधिकांश मानिस पैसामुखी बनेर रातदिन पैसाको पछि दगुरिरहेका छन्। सयबाट हजार, हजारबाट लाख, लाखबाट करोड र करोडबाट अरबतिरको सपना देखेकाले घरबार, नातागोता, आफन्त सबैलाई बिर्सेर छ। यसैका लागि मानिस दिनमा त सुतेन-सुतेन, कमाइ नै रह्यो तर रातमा समेत जीवन सुम्पिएको छ। स्वास्थ्यको कुनै ख्याल नराखी धन कमाउने प्रतिस्पर्धामा दौडिरहेको छ। अनेकौं त्रास, भय सहेर पनि शरीर शिथिल बनाएर कुदेको छ। सुख र धनको सीमा नाघेर कतिले डिप्रेसनको सिकार बन्नुपरेको पाइन्छ। ज्ञान बिना भौतिक विज्ञानको मात्र शिक्षाले धन, महल, भय, त्राससँगै सुविधा प्राप्त भएकै पाइन्छ। तर, जीवन, दर्शन, चिन्तन, सद्भाव, प्रेमबाट चाहिँ धेरैजसो वञ्चित भएको पाइन्छ। मुख्यतया ज्ञानको अभावले वैमनश्य, भय, त्रास, दुर्घटना, आत्महत्या आदिको प्रकोप मानिसले भोग्नुपरिरहेको छ।

बाल्यकालदेखि नै नानीहरुलाई बिहान उठेदेखि राति



नसुतेसम्म खाली पठनपाठनमा मात्र केन्द्रित गर्ने र बच्चाको तौलभन्दा बढी बोझका किताबका भारी बोकाएर होस्टल, बोर्डस गराउने चलन बढेको छ। यसबाट नानीमा आफन्त, चिनाजानीसितको प्रेमबाट आफैंले टाढा बनाइराखेका छौं। त्यस्तै २-३ वर्षको बच्चाले बिहान उठेदेखि आधुनिक शिक्षाका नाउँमा दिमागी बोझ बोकिरहेको छ। साइनो, सम्बन्ध, खेतीबाली, गाईगोठ, दूध, दही, मोही, भान्सा सम्बन्धी कुनै पनि ज्ञान लिएको पाइँदैन। उनीहरुलाई स्कूलदेखि घरसम्म किताब, ल्यापटप, मोबाइल बाहेक अन्य कुनै सीपमूलक र स्वास्थ्यवर्द्धक विषयमा केन्द्रित गराइँदैन। सानैदेखि होस्टेल र बोर्डस गराएका नानीहरुले ठूलो भए पनि बाबु-आमालाई वृद्धाश्रम लैजाने गरेको पाइन्छ। आफू वृद्ध भएर हिँडडुल गर्नसम्म नसक्ने अवस्था रहन्छ। दिएका खानाहरु मिठो नलाग्ने, नरुच्ने हुन थाल्छ। आफ्नो शरीर दिनानुदिन शिथिल हुन थाल्छ। एउटै खाटमा दिनरात बिताउनुपर्ने हुन्छ। जब आफू ओछ्यायन पन्छि अनि मर्ने बेलामा उमेर पुगेकै हो, कहिले चोला उठ्छ नि भन्दै छोराछोरीहरु सपरिवार मृत्युको प्रतिक्षामा मात्र रहन्छन्। आफ्नो प्राण छुटेपछि आफूले लगाएको औंठी समेत खोलेर दागबत्ती दिन्छन्। केहीबेर आँशु पनि झारिदेलान्। सबै फर्केर घर आउँछन्- आफूले के लान सकियो र ? तेरो र मेरो भन्दै स्वार्थमा रातदिन खटेर कमाएको धन, गाईगोठ, महल, आफ्ना प्यारा काखमा राखेर हुर्काएका ती छोराछोरी, नातिनातिना, अर्काले छुनसम्म नपाएको धन, सुवर्णको ढुकुटी सबै छाडेर खाली हात बिदाइ हुनुपर्नेछ। आफूसँग लाने कुरा के कमाइएछ त ? तीन-चार पुस्तालाई पुग्ने सम्पत्ति एकै घरमा कमाएर राख्दा र कोही एक छाक खान नपाएर भोकै हिँडेको होला... ।

बरु आफूलाई समय अनुसार पुर्‍याएर उबारेर दुःखी, गरिब, अपाङ्ग, असक्त, वृद्धवृद्धा, अनाथ आदिलाई सहयोग गर्नु नै धर्म हो। संरक्षण सम्वर्द्धन, सद्भाव नै मानिसको मुख्य कर्तव्य हो। धेरै कमाउने, मोजमस्ती गर्ने मात्रै मानिसको जीवनको लक्ष्य होइन। परोपकार, सद्भाव, मावन मात्रको भलाइ हुने कार्य गर्नु नै मानवीय धर्म हो।

# सहाराद्वारा कोरोना संक्रमित सदस्यलाई २ करोड सहयोग




**झापा, साउन ९।** बिर्तामोडको चारपानेमा प्रधान कार्यालय रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले कोरोना संक्रमित आफ्ना सदस्यहरुलाई २ करोडभन्दा बढी नगद सहयोग गरेको छ।

महामारीको समयमा सदस्यहरुको अस्पताल खर्च सहयोग गरिसकिएको र होम आइसोलेसनमा बसेकाहरुलाई सहयोग दिने अन्तिम तयारी रहेको संस्थाका प्रमुख कार्यकारी अधिकृत महेन्द्रकुमार गिरीले जानकारी दिए। साकोसले अस्पताल भर्ना भएका ५२ जना संक्रमित सदस्यहरुको अस्पतालको खर्च बापत करिब ६२ लाख सहयोग गरेको कार्यकारी प्रमुख गिरीले बताए। गिरीका अनुसार साकोसले अस्पताल भर्ना भएका सदस्यहरुलाई प्रतिव्यक्ति तीन लाख रुपैयाँसम्म सहयोग गरेको थियो। सहकारीले संक्रमित भएर होम आइसोलेसनमा बसेका २ हजार २ सय सदस्यलाई १ करोड ५४ लाख रुपैयाँ सहयोग गर्ने अन्तिम तयारी रहेको कार्यकारी अधिकृत गिरीले बताए। नेपाल सरकारले तोकेको १४ दिन आइसोलेसनमा बस्नुपर्ने नियम अनुसार प्रतिदिन ५०० का दरले प्रतिसदस्य ७ हजार रुपैयाँ प्रदान गरिने उनको भनाइ छ। साकोसले मेडिसिन सपोर्ट बापत उक्त रकम सहयोग गर्न लागेको जनाएको छ।

यसअघि नै साकोसले संक्रमित सदस्यहरुको घरमा पुगेर पोषणयुक्त खाद्य सामग्री तथा औषधि समेत उपलब्ध गराएको थियो। सहकारीले संस्थाको सामुदायिक स्वास्थ्य कोषबाट सदस्यहरुलाई सहयोग गर्ने कार्यकारी अधिकृत गिरीले बताए। सहकारीले बार्षिक रुपमा प्राप्त भएको लाभांशबाट केही रकम स्वास्थ्य कोषमा जम्मा गर्ने गरेको गिरीले बताए। २०५३ सालमा स्थापना भएको सहकारीको प्रदेश १ को ६ जिल्ला कार्यक्षेत्र रहेको र १ लाख ५२ हजार सदस्य आबद्ध भएको प्रमुख गिरीले जानकारी दिए।

साकोसले ७२ वटा सेवा केन्द्रबाट सेवा दिइरहेको छ। हाल १३ अर्ब वासलात रहेको सहाराले बार्षिक करिब २ अर्ब मुनाफा गर्ने गरेको उनको भनाइ छ। गिरीका अनुसार सहाराले सामान्य अवस्थामा सदस्यहरुको स्वास्थ्य उपचारमा बर्षेनि १० करोडभन्दा बढी खर्च गर्ने गरेको छ। स्वास्थ्य कोषमा २० करोड बढी रकम सञ्चित रहेको उनको भनाइ छ।

# 'सिभिल बैंक नमूना बैंक हो'

CIVIL BANK

'समृद्धिका लागी सिभिल बैंक' भन्ने नाराका साथ अगाडि बढिरहेको सिभिल बैंकले बिगतका वर्षहरूभन्दा व्यवसायको आयतनमा विशेष रूपमा अप्रत्याशित वृद्धि गरी एउटा नमूना बैंकको रूपमा आफूलाई प्रस्तुत गरिरहेको छ । निरन्तर रूपमा मौलिक बैंकिंग सेवाहरू पस्कँदै आइरहेको छ ।

भर्खरै मात्र बैंकले बजारमा ल्याएको निक्षेप योजनाहरू 'खुत्रुके खाता' र 'सुपर प्रीमीयम बचत खाता' को बारेमा बैंकको प्रदेश नम्बर १का प्रमुख **राजेश ढकाल**संग गरिएको संक्षिप्त कुराकानीमा आधारित अंश ।

**सिभिल बैंकको सुपर प्रीमीयम बचत खाता कस्तो बचत खाता हो र कस–कसले खोल्न सक्छन ?**

- न्यूनतम् मौज्दात रू २५,००० रहेको सिभिल बैंक सुपर प्रीमीयम बचत खातामा बैंकले ६.०१ प्रतिशतको सर्वाधिक वार्षिक ब्याजदरको अलावा मेटलाइफ बीमा कम्पनीसँगको सहकार्यमा खातावालालाई ६ वटा प्रमुख घातक रोगहरु (मेजर क्यान्सर, मेजर स्ट्रोक, पहिला हृदयघाट, पल्मनरी हाइपरटेन्सन, हार्ट भल्भ सर्जरी तथा कोरोनरी आर्टेरी डिजिज) का लागि रू. दुई लाख सम्मको निःशुल्क औषोधपचार बीमा सुविधा प्रदान गर्नेछ ।

साथै मोवाइल बैंकिङ्ग सुविधा, इन्टरनेट बैंकिङ्ग सुविधा, एटीएम कार्ड, एसएमएस बैंकिङ्ग सुविधा पनि निःशुल्क रुपमै प्रदान गरिनेछ। र, यो बचत खाता १८ वर्षदेखि ५८ वर्ष ननाघेका जो कोहिले पनि सजिलै सित बैंकमा गई खाता खोल्न सक्नेछन ।

**खुत्रुके खाताको बारेमा पनि केही भनिदिनुहोस् ?**

- अन्य बैंकहरुले प्रदान गरिरहेको रिकरिंग डिपोजिटहरुमा शर्तहरु तथा बन्देजहरु हुने गर्छन् भने यो भन्दा पृथक रहेर सिभिल बैंकले आफ्नो रिकरिंग डिपोजिट- खुत्रुके खातालाई शर्त तथा बन्देजमुक्त बनाइएको छ, जसमा बचत गर्न चाहने ग्राहकले दुई बर्षदेखि दश बर्षसम्मको खुत्रुके खाता रेकरिंग डिपोजिट खोल्छन अनि मासिक न्यूनतम् रु. पाँच सय देखि माथि गर्दै जान्छन्, कुनै महिनामा कुनै कारणबस जम्मा गर्न असमर्थ भएमा पनि कुनै किसिमको पेनाल्टी तिर्नु पर्ने हुँदैन अनि आफूले निर्धारण गरेको समय सीमा पश्चात साँवा तथा ब्याजको एकमुष्ठ भुक्तानी पाउँछन् ।

अझ यस खातामा सुपर प्रिमियम बचत खातामा भन्दा १ प्रतिशत थप ब्याज पाइन्छ। केही गरी अवधिको बीचमा आकस्मिक कारणले रकम आवश्यक भएमा सञ्चित रकमको ७० प्रतिशत ऋणमा नै बिना झन्झट रकम निकाल्न सकिन्छ ।

**अहिलेको कोरोना संक्रमणको जोखिममा खाता खोल्न केहि अतिरिक्त व्यवस्था गर्नु भएको छ कि ?**

- हो गरेका छौं। कोरोना संक्रमणको जोखिम भएकोले घरबाटै अनलाइनमार्फत खाता खोली, पछि आफूलाई पायक पर्ने शाखामा गई केवल दस्तखत गरी खाता सञ्चालनमा ल्याउन सकिन्छ।

**सिभिल बैंकले यी दुबै खाताहरुमा उच्च ब्याजदर प्रदान गरिरहेको पछाडिको कारण ?**

- विद्यमान कोरोना संक्रमनबाट सिर्जित कठिन अवस्थामा अन्य वित्तीय संस्थाहरुद्वारा निक्षेपमा प्रदान गरिएको ब्याजदरको तुलनामा ग्राहकको मेहनतका कमाइको कदर गर्दै आकर्षक ब्याज प्रदान गरिएको कारणले ग्राहकहरु यस बचत खाताबाट लाभान्वित हुनेछन्। साथै हामी सर्वासाधरणको बैंकको रुपमा परिचित हुन तथा ग्राहकहरुलाई बढीभन्दा बढी प्रतिफल प्रदान गरी लोकप्रिय बैंक बन्ने जमर्को लिएका छौं ।

# अपाङ्गता भएकालाई सहायक सामाग्री, सानिमाले दियो भिडियो एक्सरे मेसिन



**माई, साउन ९।** इलाम माई नगरपालिकामा एक कार्यक्रमकाबीच ५४ जना अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री बितरण गरिएको छ।

हेरचाहका लागि उत्प्रेरण कार्यक्रम अन्तर्गत माई नगरपालिकाको आयोजनामा सहायक सामग्रीको बितरण गरिएको जनाइएको छ। अपाङ्गता भएका माई नगरभित्रका ११ जनालाई ह्वील चेयर, ३ जनालाई बैशाखी, १६ जनालाई श्रवण यन्त्र, ११ जनालाई टुवाइलेट चियर, २ जनालाई वाकर, २ जनालाई सेतो छडी र ८ जनालाई वाकिङ्ग छडी प्रदान गरिएको स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेलले जानकारी दिए ।

नगर स्तरीय अपाङ्गता समन्वय समितिको संयोजक तथा माईका उपमेयर बिष्णुमाया रिमाल आचार्यको अध्यक्षता र माईका मेयर दीपककुमार थेबेको प्रमुख आतिथ्यमा सम्पन्न सहायक सामग्री बितरण कार्यक्रममा विगत ४ बर्षदेखि माई नगरमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री बितरण लगायत बिभिन्न सहयोग प्रदान गर्दै आएको बताइएको छ। माई नगरपालिकाले अबका दिनमा अपाङ्गता भएका व्यक्तिहरुका लागि स्वास्थ्य बिमा कार्यक्रम, घर-घरमा सीबीआरएफमार्फत थेरापी कार्यक्रम, सिप विकास तालिम, आयआर्जन सहयोग, शैक्षिक सामग्री सहयोग, उद्यमशिलता प्रोत्साहन सहयोग, सहायक सामग्री बितरण लगायतका कार्यमा निरन्तर सहयोग गर्ने मेयर थेबेले बताए।

कार्यक्रममा मेयर थेबे, उपमेयर आचार्य, प्रमुख प्रशासनिक अधिकृत बिष्णुकुमार थेगुवा लगायतले सामग्री बितरण गरेका थिए। सहायक सामग्री वितरण कार्यक्रममा नगर स्तरीय अपाङ्गता स्वावलम्बन समितिका अध्यक्ष यदुनाथ दुलाल, स्वास्थ्य संयोजक पुष्कर कट्टेल, मेडिकल अधिकृत रामकृष्ण आचार्य, पत्रकार विमल दहाल लगायतको सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन प्रशासन शाखा प्रमुख नवीनकुमार पौड्यालले गरेको जनाइएको छ।

यता शुक्रबार नै माई नगर अस्पताललाई ५ लाख मूल्य बराबरको भिडियो एक्सरे मेसिन सानिमा माई हाईड्रोपावर लिमिटेड माईले प्रदान गरेको छ। माईका नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न सहज हुने गरी माईका मेयर दीपककुमार थेबेलाई सानिमाले मेसिन प्रदान गरेको सानिमा माई हाइड्रोपावरका दलबहादुर मगरले जानकारी दिए।

# मारवाडी महिला र युवती मञ्चको सहयोग

**अर्जुनधारा, साउन ८।** झापाको अर्जुनधारा-७ पाराखोपीस्थित अरुणोदय आधारभूत विद्यालयको जीर्ण अवस्थामा रहेको शौचालयको जीर्णोद्वार एवम् रंगरोगन गरिएको छ।

बिर्तामोडस्थित मारवाडी महिला मञ्च तथा मारवाडी युवती मञ्चको संयुक्त आर्थिक सहयोगमा उक्त शौचालयको जीर्णोद्वार एवम् रंगरोगन गरिएको हो।

दुई लाख सात हजार रुपैयाँको लागतमा जिर्णोद्वार एवम् रंगरोगन गरिएको शौचालयको शुक्रबार विद्यालय परिसरमा आयोजित हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष नवराम ढुंगाना नवीन र दातृ संस्था मारवाडी महिला मञ्चकी



अध्यक्ष रीता चित्लांगियाले संयुक्त रुपमा उद्घाटन गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार बराइलीको अध्यक्षतामा आयोजित सोही कार्यक्रममा मञ्चकोतर्फबाट विद्यालयलाई चार थान वाइट बोर्ड र बाल विकास केन्द्रका विद्यार्थीहरुका लागि खेलौनाहरु वितरण गरिएको थियो।

अध्यक्ष बराइलीले स्वागत मन्तव्यसँगै कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा मञ्चकी सचिव चाँदनी अग्रवाल, चेम्बर अफ कमर्श बिर्तामोडका संस्थापक अध्यक्ष सन्तोष अग्रवाल लगायतले आगामी दिनमा पनि विद्यालयलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा मेची महेश्वरी समाजका अध्यक्ष महेश चित्लांगियालगायतको आतिथ्यता रहेको थियो। विद्यालयकोतर्फबाट मञ्चलाई प्रशंसा पत्र प्रदान गरिएको उक्त कार्यक्रमको सञ्चालन प्रधानाध्यापक श्यामकुमार थापाले गरेका थिए।

# माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु

**मोरङ, साउन ९।** मोरङ वेलबारी-६ का ६३ बर्षीय पदमबहादुर गुरुङको करेन्ट लागेर मृत्यु भएको छ।

सोही स्थानमा रहेको सीमावानस्थित कयार खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा आफैलाई करेन्ट लागेर गुरुङको मृत्यु भएको हो। घटना सम्बन्धमा ईलाका प्रहरी कार्यालय बेलबारीबाट थप अनुसन्धान भइरहेको छ।


## कर्मचारी आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला।

पदः पीआरओ
संख्याः ८ जना (महिला/पुरुष)
योग्यताः +२ वा सो सरह
तलबः १३,६०० सम्म

सम्पर्कः G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोटः सञ्चयकोष। यातायात। नास्ता। बोनसको व्यवस्था रहेको छ।

## सटर भाडामा

बिर्तामोड नगरपालिका-३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ। व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला।

मो. ९८१४०२७४६१, ९८४२६५४६३८

## कर्मचारी आवश्यकता

यस नव दुर्गा ट्रेडर्सलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोस्।

पद :
मार्केटिङ सुपरभाइजर : २ जना
योग्यता – +२ पास
(सम्बन्धित काममा अनुभव भएको)
उमेर : २५ वर्षदेखि ४० वर्ष

तलब : १५०००।–
*मोटर साइकल र लाइसेन्स अनिवार्य हुनुपर्नेछ। त्यसमा लाग्ने खर्च कम्पनीले व्यहोर्नेछ।*

नव दुर्गा ट्रेडर्स
बिर्तामोड-५, धिमाल चोक (फोन नं. : ९८११०६८९५०, ९८४२३६६०४४)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'




सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**यातायात व्यवस्था निर्देशनालय**
प्रदेश नं. १
इटहरी, सुनसरी, नेपाल
dotm.provience1@gmail.com
फोन नं. ०२५-५८१९०९

## प्रशिक्षण केन्द्र, कारखान वा वर्कशप सञ्चालन सम्बन्धी सूचना

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १५६, १५७ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ ले गरेको व्यवस्था अनुसार १ नं. प्रदेश भित्र संचालनमा रहेको प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपले आ-आफ्नो व्यवसायको अनुमतिपत्र प्राप्ती, नविकरण र वर्गिकरण जस्ता कार्यहरु गराउनको लागि यस निर्देशनालयमा सम्पर्क राख्नको लागि विभिन्न एफ.एम. रेडियो तथा पत्र पत्रिकामा तथा निर्देशनालयको website मा समेत पटक पटक सूचना प्रकासित गरिसकेको तर त्यस्ता प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपले नियमानुसार अनुमतिपत्र प्राप्ती, नविकरण नगराइ संचालन गरेको भनी विभिन्न व्यक्ति तथा संघ संस्थाबाट जानकारी हुन आएको हुँदा त्यस्ता प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपहरुले अनुमति प्राप्ती, नविकरण नगराई संचालन नगर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकशित गरिएको छ। त्यसरी संचालन गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**नोट** :प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ र प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ यस निर्देशनालयको वेवसाइट **dotm.p1.gov.np** तथा आन्तरिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगरको वेवसाइट **www.moial.p1.gov.np** मा गइ राजपत्रमा गएर डाउनलोड गरी हेर्न सकिन्छ।


## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।*

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसरका लागि केही दौडधुप गर्नुपर्ला। काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आजको मेहनतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउन सक्छ। अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** दिगो फाइदा हुने योजना कार्यान्वयन गर्न सकिनेछ। सामाजिक दायित्व पनि बढ्नेछ। तारिफयोग्य कामले लोकप्रियता दिलाउनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य कमजोर रहनाले लक्ष्यमा पुग्न समस्या पर्नेछ। रोकिएका काममा दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शुभचिन्तक समेत प्रतिपक्षीको प्रभावमा आउन सक्छन्। सहयोगको तत्परता देखाउनेहरू पछि हट्ने छन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आँटेको काम समयमा नबन्न सक्छ। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुर्‍याउनुहोला। उपलब्धिका लागि केही दिन प्रतिक्षा गर्नुपर्ला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** माहौल रमाइलो रहनेछ। प्रयत्न गर्दा आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ। मानसम्मान प्राप्त हुनुका साथै सम्मानित कामको यश लिने अवसर छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ। तर, मनोरञ्जनमा अलमलिँदा चिताएको काम ढिलो सम्पादन हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** समस्या दर्शाउँदा शुभचिन्तकहरूले साथ दिनेछन्। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** हल्लाको पछि लाग्दा दुःख पाइनेछ। अवसरले पछ्याए पनि फाइदा उठाउन चुनौतिहरूसँग जुध्नुपर्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रगतिमा इर्ष्या गर्नेहरूले दुःख दिनेछन्। व्यहारिक समस्याले योजना रोकिन सक्छ। कामको चाप बढ्नेछ भने स्वास्थ्यले त्यति साथ नदिन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** मेहनतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले अग्रता दिलाउन सक्छ।